annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ३४, पृष्ठ ८ | काठमाडौं, बुधबार २० जेठ २०८३ | ज्येष्ठ कृष्णपक्ष तृतीया, नेपाल संवत् ११४६ | WEDNESDAY, JUNE 3, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

भूमिको समस्या जहाँको त्यहीं, ३६ वर्षमा १७औं संरचना

विगत ३६ वर्षमा १६ वटा भूमिसम्बन्धी आयोगहरू राजनीतिक कार्यकर्ता भर्तीकेन्द्र मात्र बनेर विघटन र खारेजीको चक्रमा फसेपछि सरकारले पहिलो पटक पूर्वप्रशासक र विज्ञहरू मात्र रहेको भूमि समस्या समाधान समिति गठन गरेको छ। समितिलाई देशभर लालपुर्जाको प्रतीक्षामा रहेका करिब १२ लाख परिवारलाई समस्या सुल्झाउने चुनौती छ।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

विस्तृत पृष्ठ २



टिप्पणी

नयाँ समितिलाई असफल हुने छुट छैन

जगत देउजा

भूमिहीनताको समस्या केवल भूमि व्यवस्थापनसँग सम्बन्धित प्रशासनिक विषय होइन। यो सामाजिक न्याय, मानव अधिकार, संविधानप्रदत्त मौलिक हक र शान्ति प्रक्रियाको सफल कार्यान्वयनसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो। भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या समाधान गर्ने प्रतिबद्धता विस्तृत शान्ति सम्झौताले स्पष्ट रूपमा व्यक्त गरेको थियो।

संविधानले समेत आवासको हक, सम्मानपूर्वक बाँच्न पाउने हक तथा सामाजिक न्यायको अधिकार सुनिश्चित गरेको छ। तर, हजारौं नागरिक अझै पनि भूमिमाथिको कानुनी अधिकारबाट वञ्चित रहनु राज्यका लागि गम्भीर चुनौती र अपुरो दायित्व हो।

भूमि अधिकार सुनिश्चित नगरी आवासको हकको पूर्ण कार्यान्वयन सम्भव हुँदैन। नागरिकले बसोबास गरिरहेको जग्गामाथि कानुनी स्वामित्व वा सुरक्षित अधिकार प्राप्त नगरेसम्म उनीहरू सदैव असुरक्षाको अवस्थामा रहन्छन्। भूमिहीनता गरिबी, बहिष्करण र विभेदको प्रमुख कारणका रूपमा रहेको छ। त्यसैले भूमिहीनताको अन्त्य कुनै दया वा राहतको कार्यक्रम होइन, यो राज्यले अनिवार्य रूपमा पूरा गर्नुपर्ने संवैधानिक तथा नैतिक दायित्व हो।

२०७७ सालपछि गठन भएका विभिन्न भूमि आयोगहरूले स्थानीय सरकारको अगुवाइमा भूमिहीन र अव्यवस्थित बसोबासीहरूको लगत संकलन तथा प्रविष्टीकरणको महत्वपूर्ण कार्य लगभग अन्तिम चरणमा पुऱ्याएका छन्। उपलब्ध तथ्यांकअनुसार भूमिहीन दलितका ८८ हजार ८ सय ९५, भूमिहीन सुकुम्बासीका १ लाख ६८ हजार ४ सय ४१ र अव्यवस्थित बसोबासीका ८ लाख ७२ हजार १८१ निवेदन कम्प्युटर प्रणालीमा प्रविष्ट भइसकेका छन्। स्थानीय तहहरूले भूमि शाखा स्थापना गरेका छन्।

यसैबीच, भूमि समस्या समाधान आयोग खारेज भएपछि भूमिहीन तथा अव्यवस्थित बसोबासीको समस्या सम्बोधन गर्न संघीय र जिल्ला तहमा समिति गठन हुनु सकारात्मक कदम हो।

» बाँकी पृष्ठ ६

नेपाल–भारत सीमा विवाद द्विपक्षीय मामिला: भारत

अन्नपूर्ण | *काठमाडौं*

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने भारत भ्रमणमा रहेको बेला नेपाल-भारत सीमाविवाद द्विपक्षीय मामिला भएको भारतले स्पष्ट पारेको छ।

भारतीय सत्तारूढ दल भारतीय जनता पार्टी (भाजपा) को निमन्त्रणामा लामिछाने भारत भ्रमणमा रहेकै बेला भारतीय विदेश मन्त्रालयले दुई देशबीचको सीमासम्बन्धी मामिलामा तेस्रो पक्षको कुनै भूमिका नरहेको उल्लेख गरेको छ। आइतबार प्रतिनिधिसभा बैठकमा बोल्दै प्रधानमन्त्री वालेन्द्र शाहले नेपाल-भारत सीमाविवाद समाधानमा बेलायतको पनि भूमिका हुन सक्ने अभिव्यक्ति दिएका थिए।

प्रधानमन्त्री शाहको अभिव्यक्तिप्रति लक्षित गर्दै भारतले नेपाल-भारतको द्विपक्षीय विषय भएकोमा जोड दिँदै तेस्रो पक्षको भूमिका नरहेको प्रष्ट्याया। 'भारत-नेपाल सीमासम्बन्धी नेपालका प्रधानमन्त्रीको टिप्पणी, बयानका साथसाथै विदेश (परराष्ट्र) मन्त्रालयको तर्फबाट आएको भनाइ देखेका छौं,' विदेश मन्त्रालयमा मंगलबार भएको साप्ताहिक मिडिया ब्रिफिङमा भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले भने, 'भारत-नेपाल सीमाको लगभग ९८ प्रतिशत हिस्साको सीमांकन निर्धारित भइसकेको छ। तर, पनि केही क्षेत्रहरूमा केही समस्याहरू छन्, जसको समाधान हुन बाँकी छ। गण्डक नदीमा बहाव परिवर्तन हुनाले यो स्थिति उत्पन्न भएको हो।'

यसको अतिरिक्त सीमाको निर्धारित हिस्सामा सीमापार कब्जा र दसगजा क्षेत्रमा अतिक्रमणको मामिलासमेत रहेको उनले बताए। जसको संयुक्त रूपमा मानचित्रण भइरहेको जैसवालको भनाइ थियो। 'सीमासम्बन्धी सबै समस्याहरूलाई सम्बोधन गर्न द्विपक्षीय संयन्त्रहरू स्थापना गरिएका छन्। सबै सम्बन्धित पक्षहरू स्पष्ट हुनुपर्छ कि भारत र नेपालबीच जे-जति द्विपक्षीय मामिलाहरू छन्, त्यसमा तेस्रो पक्षको भूमिका छैन,' प्रवक्ता जैसवालले भने। प्रधानमन्त्री शाहले नेपाल र भारतबीचको सीमाविवादमा इंग्ल्यान्ड (बेलायत) ले पनि सरोकार राख्नुपर्ने मान्यता रहेको बताएका थिए। वार्ताको टेबलमा बसेर कूटनीतिक हिसाबले समस्या समाधान हुने जानकारी प्रधानमन्त्री शाहले दिएका थिए।

भारतीय गृहमन्त्री अमित शाहसँग दिल्लीमा भेट गर्दै रास्वपा सभापति रवि लामिछाने।

लामिछाने हाइप्रोफाइल भेटघाटमा व्यस्त

पाँचदिने भारत भ्रमणमा रहेका लामिछानेको भारतमा भव्य स्वागत गरिएको छ। भारतीय सत्तारूढ दल भारतीय जनता पार्टी (भाजपा) को निमन्त्रणामा लामिछानेको नेतृत्वमा रास्वपाको प्रतिनिधिमण्डल भारत भ्रमणमा रहेको छ। लामिछाने भारतीय मन्त्री एवं सत्तारूढ दलका शीर्ष नेताहरूसँगको भेटवार्तामा व्यस्त छन्। लामिछानेले मंगलबार भारतका विदेशमन्त्री एस. जयशंकर र सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय अध्यक्ष नितिन नवीनलगायतसँग भेटवार्ता गरेका छन्।

जयशंकरसँगको भेटमा भारतीय विदेश सचिव विक्रम मिस्री पनि सहभागी थिए। भेटवार्तापछि भारतीय विदेशमन्त्री जयशंकरले सामाजिक सञ्जाल 'एक्स' मा खुसी व्यक्त गरेका छन्। 'आज दिल्लीमा रास्वपा सभापति रवि लामिछाने र प्रतिनिधिमण्डललाई भेट्न पाउँदा खुसी लाग्यो,' जयशंकरले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'हाम्रो छलफल विकास साझेदारी र जनता-जनताबीचको परस्पर सम्बन्धमा केन्द्रित रह्यो। विकास र समृद्धिलाई बढावा दिन यसको महत्वपूर्ण भूमिका छ।'

त्यस्तै, सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) का अध्यक्ष नितिन नवीनबीच नयाँ दिल्लीस्थित भाजपा मुख्यालयमा भेटवार्ता भएको हो। अध्यक्ष नवीनले सामाजिक सञ्जाल एक्समार्फत खुसी व्यक्त गरेका छन्। 'भाजपा मुख्यालयमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेपालका सभापति रवि लामिछानेज्यू तथा उहाँसँग आउनुभएको प्रतिनिधिमण्डललाई स्वागत गर्न पाउँदा र उहाँहरूसँग संवाद गर्न पाउँदा खुसी लागेको छ,' उनले लेखेका छन्, 'भाजपा र रास्वपाबीच पार्टी-टु-पार्टी सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा सार्थक छलफल भयो। उहाँहरूलाई भाजपाको शीर्ष तहदेखि बुथ तहसम्मको संगठनात्मक संरचनाबारे जानकारी गराइयो। साथै सदस्यता विस्तार, उम्मेदवार छनोट प्रक्रिया तथा भुइँसतहका कार्यकर्तासँग भाजपाको गहिरो सम्बन्धका बारेमा उठाइएका प्रश्नहरूको उत्तर पनि दिइयो। सम्माननीय प्रधानमन्त्री नरेन्द्र मोदीज्यूको नेतृत्वमा विकास र जनसेवा भाजपाको शासन मोडेलको केन्द्रमा कसरी रहेका छन् भन्ने विषयमा पनि विस्तृत छलफल भयो।' भेटवार्ताका क्रममा नेपाल-भारत सम्बन्धका विभिन्न आयाम, राजनीतिक सहकार्यलगायतका विषयमा छलफल भएको थियो।

» बाँकी पृष्ठ ६

एउटै सिजनमा लाप्राकका १७ जनाले चढे सगरमाथा

शिव उप्रेती | *गोरखा*

आरोहीको गाउँ भनेर चिनिने लाप्राकका १७ जनाले सगरमाथाको सफल आरोहण गरेका छन्। यो सिजनमा मात्रै लाप्राकबाट धार्चे गाउँपालिका-४ लाप्राकका १३ जनाले सगरमाथाको सफल आरोहण गरेका कीर्तिमानी आरोही पुरबहादुर गुरुङ (युक्त) ले जानकारी दिए।

लाप्राकका पुरबहादुर गुरुङ (युक्त)ले यो वर्ष १०औंपटक सगरमाथाको सफल आरोहण गरेका छन्। त्यस्तै सुमन गुरुङले यो वर्षसहित ८ पटक आरोहण गरेका छन्। इमान गुरुङले यो वर्षसहित ७ पटक, रामबहादुर गुरुङले यो वर्षसहित ४ पटक, सन्दीप गुरुङले ३ पटक, सुजल गुरुङले ३ पटक र बिसबहादुर गुरुङले ३ पटक सगरमाथाको सफल आरोहण गरेका छन्।

लाप्राकका डम्बर गुरुङ र पूर्णबहादुर गुरुङले यो वर्ष दोस्रोपटक सगरमाथाको आरोहण गरेका छन्। त्यस्तै उत्तम गुरुङ (धने), आसबहादुर गुरुङ (क) र आसबहादुर गुरुङ (ख)ले यो वर्ष पहिलोपटक सगरमाथा आरोहण गरेका छन्।

» बाँकी पृष्ठ ६

१०औंपटक सगरमाथा आरोहण गर्दै लाप्राकका युक्त गुरुङ।